## नेपाल सरकार
## शिक्षा मन्त्रालयको सूचना

### शिक्षक सेवा आयोग (चौथो संशोधन) नियमावली, २०६६

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (चौथो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. मा संशोधनः शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ. को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०६३ साल साउन ५ गतेभन्दा अघि शिक्षक पदमा नियुक्ति भई यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म निरन्तर रुपमा काम गरिरहेको शिक्षक यो उपनियम प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्रको लागि लिइने पहिलो परीक्षामा उम्मेदवार हुन सक्नेछ ।

तर त्यस्तो शिक्षकले यो उपनियम प्रारम्भ भएको मितिले तीन वर्षभित्र तालिम नलिएमा निजले प्राप्त गरेको अध्यापन अनुमतिपत्र स्वतः रद्द हुनेछ।"

आज्ञाले,
डा. रामस्वरुप सिन्हा
नेपाल सरकारको सचिव



311